नेपाल बीमा प्राधिकरण
NEPAL INSURANCE AUTHORITY

मिति: २०८१/०२/१७

मध्यस्थकर्ता व्यवस्थापन शाखा २६ (०८०/०८१) च.नं. ७४४

**श्री सबै इजाजत प्राप्त जीवन बीमकहरु ।**
**श्री सबै इजाजत प्राप्त निर्जीवन बीमकहरु ।**
**श्री सबै इजाजत प्राप्त लघु बीमकहरु ।**

बिषय:- **विद्युतीय माध्यमबाट तालिम तथा ई-प्रमाणपत्र सम्बन्धमा ।**

उपरोक्त सम्बन्धमा बीमा अभिकर्ताको दर्ता, परीक्षा सञ्चालन तथा प्रमाणपत्र प्रदान, इजाजतपत्र जारी गर्ने तथा नवीकरण सम्बन्धी सम्पुर्ण कार्य विद्युतीय (Online) माध्यमबाट हुदै आएको व्यहोरा अवगत नै छ । सेवाग्राहीको आवश्यकतालाई मध्यनजर गर्दै प्रविधिमैत्री सेवा सरल, सहज र सुलभ तरिकाले प्रवाह गर्न बीमकले सञ्चालन गर्दै आइरहेको बीमा अभिकर्ताको तालिम बीमकले संचालन गर्ने बीमा अभिकर्ताको तालिम निर्देशिका, २०७२ बमोजिम हुनेगरी, विद्युतीय कारोवार ऐन,२०६३ र नियमावली,२०६४ को अधिनमा रही विद्युतीय प्रणालीबाट (online,video on गरी) संचालन गर्न सक्ने र त्यसको अभिलेख बीमकले सुरक्षित राख्नु पर्ने तथा प्रमाणपत्र समेत सूचना प्रविधिमैत्री (Digital) गर्न सक्ने सम्बन्धमा प्राधिकरणको मिति २०८१/२/१४ मा निर्णय भएकोले सोहि बमोजिम गर्न गराउन सक्ने व्यहोरा अनुरोध छ । साथै त्यस्ता Software सञ्चालन गर्नु पूर्व प्राधिकरणमा जानकारी गराउनु हुन समेत निर्देशानुसार अनुरोध छ ।

(ओम बहादुर अधिकारी)
उप - निर्देशक

**बोधार्थ:**
श्रीमान् अध्यक्षज्यूको सचिवालय, नेपाल बीमा प्राधिकरण ।
श्री कानून तथा नियमन महाशाखा, नेपाल बीमा प्राधिकरण ।
श्री सबै प्रादेशिक कार्यालय, नेपाल बीमा प्राधिकरण ।

पो.ब.नं. २१७२, ललितपुर-१०, कुपण्डोल, नेपाल, फोन: ०१-५४२१०७९, ५४३८७४३, फ्याक्स: ०१-५४२०११९, टोल फ्रि नं.: १६६०-०१-५६७८९